अन्नपूर्ण गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्या : १५  मिति : २०८१।०५।१२

**भाग-२**

**अन्नपूर्ण गाउँपालिका**

## अन्नपूर्ण गाउँपालिकाको
## प्रसुती स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

कार्यपालिका बाट स्वीकृत मिति : २०८१।०५।०६

**प्रस्तावना :**

अन्नपूर्ण गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा कार्यरत महिला शिक्षक तथा विद्यालय कर्मचारीहरु प्रसुती हुँदाका बखत प्रसुती हुनु अघि वा पछि दिइने ९८ दिनको विदाका समयमा प्रसुती हुने महिला शिक्षकको सट्टामा राखिने स्वयंसेवक शिक्षक तथा कर्मचारी व्यवस्थापनका लागि अन्नपूर्ण गाउँपालिकाको प्रसुती स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०८१ तयार गरी लागु गरिएको छ। अन्नपूर्ण गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८० को दफा ३ (१) अनुसार यो कार्यविधि जारी गरिएको छ ।

### परिच्छेद- १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "अन्नपूर्ण गाउँपालिकाको प्रसुती स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०८१" हुनेछ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई प्रमाणित भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "प्रसुती स्वंयसेवक शिक्षक तथा कर्मचारी " भन्नाले अन्नपूर्ण गाउँपालिका भित्र रहेका सामूदायिक विद्यालयका महिला शिक्षक तथा कर्मचारी प्रसुती हुँदा दिने ९८ दिनको प्रसुती विदामा राखिने

शिक्षकलाई सम्झनु पर्दछ ।

(ख) “समिति” भन्नाले विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(ग) “जगेडा कोष” भन्नाले सट्टा स्वयंसेवक शिक्षक तथा कर्मचारीको पारिश्रमिक व्यवस्थापनको लागि गाउँपालिकाबाट आर्थिक व्यवस्थापन गर्न खडा गरिएका आर्थिक कोष सम्झनु पर्दछ । सो शब्दले गाउँसभाबाट स्वीकृत सालबसाली कार्यक्रम र बजेटलाई समेत जनाउँदछ ।

(घ) “छनौट समिति” भन्नाले प्रसुती शिक्षकको सट्टामा ९८ दिनको लागि तोकिएको कार्य गर्न शिक्षक तथा कर्मचारी छनौट गर्ने समितिलाई सम्झनु पर्दछ।

(ङ) “गाउँपालिका” भन्नाले अन्नपूर्ण गाउँपालिकालाई सम्झनुपर्दछ।

(च) “शाखा” भन्नाले शिक्षा, युवा तथा खेलकुद शाखालाई जनाउँदछ ।

**३. उद्देश्य :**

(१) विद्यालयको पठनपाठनलाई निरन्तरता दिने ।

(२) नेपालको संविधानद्वारा प्रदत्त महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सम्बन्धी हकको सम्मान र संरक्षण स्वरुप महिलामैत्री सहयोगात्मक वातावरण सिर्जना गर्ने ।

## परिच्छेद- २

## प्रसुती सट्टा शिक्षक व्यवस्थापन विधि

**४. प्रसुती विदा स्वीकृत गर्ने सम्बन्धमा :**

१) मौजुदा शिक्षा नियमावली, २०५९ को नियम १०६ उपनियम १ (घ) अनुसार अन्ठानब्बे दिन प्रसुती विदा लिन चाहने महिला शिक्षक तथा कर्मचारीले प्रसुती हुनु अगावै वा प्रसुती अवस्थामा स्वास्थ्य संस्थाबाट सिफारिस गरिएको पूर्जा सहित विद्यालय व्यवस्थापन समितिमा निवेदन दिनु पर्ने छ ।

(२) सो निवेदनका आधारमा दुई सन्तान सम्मका लागि मात्र विद्यालय व्यवस्थापन समितिले गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको सिफारिसमा विदा स्वीकृत गर्न सक्नेछ ।

**५. सट्टा शिक्षक अनुमति सम्बन्धमा :**

(१) विदा स्वीकृत गरेको जानकारीका साथमा वडा शिक्षा समितिको सिफारिस सहित गाउँपालिका शिक्षा शाखामा शिक्षक तथा कर्मचारी व्यवस्थापनको लागि विद्यालयले माग निवेदन दिनुपर्नेछ।

(२) यसरी प्राप्त निवेदन उपर शिक्षा शाखाले आवश्यक यकिन गरी गाउँपालिका अध्यक्षस्तरीय निर्णय गरी शिक्षक तथा कर्मचारी छनौटसम्बन्धी गाउँपालिकास्तरीय सूचना गरी प्राप्त विवरण छनौट समिति समक्ष पेश गर्नुपर्नेछ ।

**६. सट्टा प्रसुती शिक्षक तथा कर्मचारी छनौट समिति :** यस कार्यविधि बमोजिम सट्टा शिक्षक छनौटका लागि देहाय बमोजिमको छनौट समिति गठन गरिनेछ ।

(क) प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको प्रशासकीय अधिकृत स्तरको एकजना कर्मचारी - संयोजक

(ख) गाउँपालिकाको रोष्ट्रर सूचिमा सुचीकृत विषयगत शिक्षकमध्ये शिक्षा शाखाको सिफारिसमा छनौट एक जना विषय विज्ञ - सदस्य

(ग) गाउँ शिक्षा शाखा प्रमुख वा निजले तोकेको शिक्षा शाखाको एकजना कर्मचारी - सदस्य सचिव

समितिको काम, कर्तब्य, अधिकार र बैठक सम्बन्धि कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

**७. छनौट प्रक्रिया :**

(१) स्थानीय तहले ३ (तीन) दिनको म्याद राखी कम्तिमा न्यूनतम शैक्षिक योग्यता उत्तीर्ण गरेको योग्य नागरिकको निवेदन आह्वान गर्नेछ ।निवेदनको दस्तुर अन्नपूर्ण गाउँपालिकाको आर्थिक ऐन, २०८१ बमोजिम हुनेछ । लाइसेन्स भएकालाई पहिलो प्राथमिकता दिइनेछ ।

(२) सूचना बमोजिम प्राप्त निवेदनहरु गाउँपालिका शिक्षा शाखाले छानविन गरी स्वीकृत निवेदनहरुलाई शिक्षक तथा कर्मचारी छनौट समितिमा पेश गरी छनौट समितिबाट ९८ दिने स्वयंसेवक शिक्षक तथा कर्मचारी छनौट गर्नेछ ।

(३) छनौट समितिको सिफारिसमा छनौट भएका शिक्षक तथा कर्मचारीलाई गाउँपालिकाले प्रसुती शिक्षक तथा कर्मचारीको स्वीकृत ९८ दिन विदा अवधिको अन्तिम म्यादसम्म मात्र लागु हुने गरी नियुक्ति प्रदान गर्नेछ भने सम्बन्धित विद्यालयले तीन दिनभित्र निज शिक्षकलाई विद्यालयमा हाजिरी गराई सोको जानकारी शिक्षा शाखामा गराउनुपर्नेछ ।

**८. छनौटका आधारहरु :** छनौट गर्न २ (दुई) वटा मापदण्ड अपनाइनेछ ।

(क) पहिलो खण्ड (१०)

(१) शिक्षण अनुभव -४ (२ वर्षसम्म भए २, ३-५ बर्षसम्म भए ३ र सो भन्दा माथि भए ४ अंक)

(२) न्यूनतम शैक्षिक योग्यता - ३ (प्रथम ३, द्वितिय २, तृतीय १)

(३) माथिल्लो शैक्षिक योग्यता २ (प्रथम २, द्वितिय १, तृतीय ०.५)

(४) अध्यापन अनुमति पत्र बापत -१ अंङ्क

(ख) दोस्रो खण्ड (१५)

(१) अन्तरवार्ता - १५

**९. समय अवधि :** सट्टा शिक्षक तथा कर्मचारीको कार्य अवधि ९८ दिन हुनेछ । तर सो अवधि भित्र हिउँदे वर्षे तथा दशैं तिहार जस्ता लामो विदा पर्न गएमा उपस्थित दिनको मात्र पारिश्रमिक पाउने । र अन्य तिन दिन भन्दा कमको विदा परे सो दिन काम गरे सरह मानिनेछ ।

**१०. सट्टा स्वयंसेवक शिक्षक तथा कर्मचारी व्यवस्थापन कोष :**

अन्नपूर्ण गाउँपालिकाले एक प्रसुती सट्टा शिक्षक तथा कर्मचारी व्यवस्थापन कोष खडा गर्ने सक्नेछ । उक्त कोष खडा नभइन्जेलसम्म गाउँसभाबाट सालबसाली रुपमा विनियोजन गरेको बजेटबाट कार्यान्वयन गर्न बाधा पर्ने छैन् ।

**११. पारिश्रमिक :** प्रसुती सट्टा स्वयंसेवक शिक्षक तथा कर्मचारीले अध्यापन गराए बापत रुजु हाजिरीको आधारमा देहाय बमोजिमको मासिक पारिश्रमिक पाउनेछ ।

(१) प्राथमिक तह - रु. २००००/- (विस हजार रुपैयाँ)

(२) नि.मा.वि. तह- रु. २२५००/- (बाइस हजार पाँच सय रुपैयाँ)

(३) मा.वि. तह - रु. २६०००/- (छब्बिस हजार रुपैयाँ)

(४) उच्च मा.वि. तह - रु. ३००००/- (तीस हजार रुपैयाँ)

(५) आधारभूत र माध्यमिक तहका विद्यालय कर्मचारी - १३५०० (तेह्र हजार पाँच सय रुपैया)

**१२. परीक्षा समितिको बैठक :** आवश्यकता अनुसार परीक्षा समितिको बैठक बस्नेछ । तर सट्टा स्वयेंवक शिक्षक छनौट गर्दाको बखत कम्तीमा २ वटा बैठक बस्नु पर्नेछ ।

**१३. बैठक भत्ता :** परीक्षा समितिलाई शिक्षक छनौट गर्दा बसेको २ (दुई) बैठकको पारिश्रमिक गाउँपालिकाले नै उपलब्ध गराउनु पर्नेछ ।

**१४. प्रचलित कानून लागू हुने :** प्रसुती सट्टा स्वयंसेवक शिक्षक तथा कर्मचारी व्यवस्थापन सम्बन्धमा प्रचलित मौजुदा शिक्षा नियमावली, २०५९ र सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ मा उल्लेख भएमा सो बमोजिम र उल्लेख नभएको अवस्थामा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ ।

**१५. कार्यविधि संशोधन तथा परिमार्जन सम्बन्धमा :**

अन्नपूर्ण गाउँपालिकाको गाउँ कार्यपालिकाले यस कार्यविधि आवश्यक परेमा परिमार्जन तथा संशोधन गर्नेछ।

**१६. खारेजी तथा बचाउ :** यस कार्यविधि नेपाल सरकार र गाउँपालिका कार्यालय र अन्नपूर्ण गाउँपालिकाको शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको शिक्षा ऐन, २०७७ सँग बाझिन गएमा बाझिएको हदसम्म खारेज हुनेछ ।

राजपत्रमा प्रकाशित मिति : २०८१।०५।१२

आज्ञाले

अमृत सुवेदी

प्रमुख प्रशासकीय अधिकृत